# खडक नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

खडक नगरपालिका

खडक नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी

# खडक नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०३।२७

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा १,२(क) ले स्थानिय तहलाई तोकेको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्न ऐ. ऐनको दफा १०२ को उपदफा (२) वमोजिम खडक नगरपालिकाले खडक नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० बनाएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम "खडक नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्याविधि, २०८०" रहेको छ ।

(ख) यो कार्याविधि खडक नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागुहुनेछ ।

२. परिभाषा :-बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्याविधिमा -

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

(ख) नगरपालिका भन्नाले खडक नगरपालिका सप्तरी लाई सम्झनु पर्छ ।

(ग) कार्यालय भन्नाले खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले दफा ९ वमोजिम गठन भएको पदपूर्ति समितिलाई सम्झनुपर्छ ।

(ङ) "नगर प्रहरी" भन्नाले खडक नगरपालिकावाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्छ ।

(च) "भत्ता" भन्नाले खडक नगरपालिकाले समय-समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्छ ।

(छ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते शुरु भई अषाढ मसान्त समाप्त हुने अवधिलाई सम्झनु पर्छ ।

(ज) "नगर सभा" भन्नाले खडक नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको काम काज गर्न नेपाल सरकारवाट तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले नगर कार्यपालिकाले समय-समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(ट) "नगर प्रहरी कर्मचारी" भन्नाले यस कार्यविधि वमोजिम नियुक्त भएका नगर प्रहरी साहायक निरिक्षक, नगर प्रहरी हबल्दार, नगर प्रहरी जवान र अन्य दर्जा र दर्जा विहिन नगर प्रहरी कर्मचारीहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## सेवा गठन सम्बन्धी व्यवस्था

३. नगर प्रहरी सेवा गठन :-(क) खडक नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या खडक नगर सभाले तोके वमोजिम हुनेछ ।

४. नगर प्रहरी कर्मचारीको पद र तह :-(१) नगर प्रहरी सेवामा देहाय बमोजिमको पद र तह रहनेछ ।

(क) नगर प्रहरी साहायक निरीक्षक स्तर चौंथो

(ख) नगर प्रहरी वरिष्ट हबल्दार स्तर तेस्रो

(ग) नगर प्रहरी हबल्दार

(घ) नगर प्रहरी जवानस्तर द्वितीय

(ङ) भान्से श्रेणि विहिन

(च)कार्यालय सहयोगीश्रेणि विहिन

(छ) हजामश्रेणि विहिन

(ज) सवारी चालकश्रेणि विहिन

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उतरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरीको काम, कर्तव्य र अधिकार दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## काम, कर्तव्य र अधिकार

५. काम, कर्तव्य र अधिकार :-(१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने

(ख) नगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण गर्ने,

(ग) स्थानिय स्तरमा हुने सभा, समारोह, परम्परा, जात्रा, तथा चाडपर्वको सुरक्षा व्यवस्था गर्ने,

(घ) स्थानीय वजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयनमा सहयोग गर्ने,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत, तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने,

(झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने,

(ञ) छाडा चौपायाको नियन्त्रण गर्ने,

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पतिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ठ) सार्वजनिक आवागमण तथा वाधा पुर्याई राखेका निर्माण सामग्री, पसल व्यवसायवाट भएको अवरोध हटाउन लगाउने र नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्बन्धीत व्यक्तिवाट असूल उपर गर्न सोको विवरण कार्यालयमा पेश गर्ने,

(ड) सार्वजनिक जग्गा बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा, वा अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन सो को प्रतिवेदन पेश गर्ने,

(ढ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(ण) स्वास्थ्यका लागि हानिकारक बस्तु तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक बस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने ।

(त) रोगी वा कानूनले विषेध गरेका पशुपंक्षि, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षि जीवजन्तुको मासु विक्रि वितरणमा रोक लगाउने ।

(थ) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमैं उचित व्यवस्थापन गर्ने ।

(द) जोखिम उत्पन्न हुने रुख,घर, पर्खाल भए सो को लिखित प्रतिवेदन पेश गर्ने र आदेश भए वमोजिम गर्ने,

(ध) वडा समिति, टोल विकास संस्था, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा कायम गर्ने र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(न) नगर कार्यपालिका, समिति, उप-समिति तथा योजनाहरुवाट लागु हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयनमा सहयोग गर्ने ।

(प) विना ईजाजत पेशा, व्यवसाय संचालन गरेको फेला परेमा पेशा व्यवसायको दर्ता तथा नविकरण गर्न लगाउने ।

(फ) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर, र निषेध गरेको विज्ञापन प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ब) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास, आदी जस्ता कार्यक्रममा नगरपालिकाको तर्फवाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(भ) वजार अनुगमन कार्यमा अनुगमन समितिलाई सहयोग गर्ने ।

(म) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा विना स्वीकृत संचालन भएका जादु, सर्कस, जुवा लगायतका असामाजिक क्रियाकलापमा रोक लगाउने ।

(य) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने यन्त्र उपकरण प्रयोग गर्न नदिने ।

(र) ध्वनी, धुवा, प्रकाश, वा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी संचालन भएका उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(ल) विपद् उत्पादन भएमा उद्धार, राहत वितरण र पुनर्स्थापनाका कार्यमा थुरुन्त खटी जाने ।

(व) नगरपालिका कार्यालय, शाखा,उपशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए वमोजिमका कार्यहरु गर्ने कार्यमा सहयोग गर्ने ।

(श) नगरपालिका अन्तर्गतका शाखा, उपशाखा, तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश वा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(ष) माथी तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफ देहिता वहन गर्ने ।

(स) नगरपालिकाले समय-समयमा तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४
## पद सिर्जना र पदपूर्ति

६. नगर प्रहरी कर्मचारीको दरबन्दी सिर्जना प्रकृया :-(१) नगरपालिकामा रहने गरी प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सिर्जना तथा खारेजी नगर सभाले गर्नेछ ।

(२) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझको अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्ने ।

७. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति :(१) नगरपालिकाको स्वीकृत दरबन्दी अनुसारका नगर प्रहरी कर्मचारीहरुको पदपुर्ति करार सेवाबाट मात्र हुनेछ ।

(२) नगर प्रहरीको पदमा सिर्जना भएका पदहरुमा खुल्ला प्रतियोगिताद्वारा ५५ प्रतिशत र ४५ प्रतिशत समावेशीताको आधारमा मानी पदपूर्ती गरिनेछ । समावेशीताको पदपूर्तीको लागि देहाय वमोजिको आधारमा शतप्रतिशत मानि प्रतिस्पर्धात्मक रुपमा पदपूर्ति गरिनेछ ।

(क) महिला ३५ प्रतिशत

(ख) आदिवासी/जनजाती ३०प्रतिशत

(ग) मधेशी २६ प्रतिशत

(घ) दलित ९ प्रतिशत

स्पष्टीकरण :- यस कार्यविधिको प्रयोजनको लागि महिला, आदिवासी, जनजाती, मधेशी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाती, दलित र मधेशीलाई सम्झनुपर्छ । पदपूर्ती गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेशी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाती, मधेशी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानि यस कार्यविधि वमोजिम कारबाही गर्न बाधा पुग्ने छैन ।

(३) दफा २ बमोजिम छुटयाईएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न गर्नुपर्छ । (क) खादिवासी जनजातीको सूचीमा स्पष्ट खुलेको जाति बाहेक अन्यको हकमा आदिवासी/जनजातीका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानवाट आदिवासी/जनजाति भनि प्रमाणित भएको सूचि । (ख) मधेशीका लागि राष्ट्रिय मधेशी आयोगवाट मधेशी भनी प्रमाणित भएको सूची । (ग) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणीत भएको सूची ।

(४) उपदफा (२) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक(फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(५) उपदफा (२) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उतिर्ण भएका उम्मेदवारवाट पुर्ति गरिनेछ ।

८. योग्यता :(१) नगर प्रहरी कर्मचारीको पदमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछ ।

(क) नेपाली नागरिक भएको हुनुपर्छ ।

(ख) १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ग) प्रहरी साहायक निरीक्षकको हकमा नगर प्रहरी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट १२ कक्षा वा प्रमाण पत्र वा सो सरह तह उतिर्ण, नगर प्रहरी बरिष्ठ हबल्दारमा कम्तिमा एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको, हबल्दार, नगर प्रहरी जवानको हकमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको, भान्से, कार्यालय सहयोगि, हजामको हकमा कम्तीमा ८ कक्षा उतीर्ण भएको हुनुपर्नेछ ।

(घ) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के.जी. हुनुपर्ने ।

(ङ) महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्ने ।

(च) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ज) कुनैपनि राजनीतिक दल, संघ-संगठन, गैर-सरकार संघ संस्थाको सदस्य नरहेको ।

(झ) मानवअधिकार र मानवीय कानूनको उलङ्घनमा सजाय नपाएको ।

(ञ)आँखा माइन्स २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ट) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

(ठ) सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरी कुनै पनि सेवावाट कार्वाही नभएको हुनुपर्ने ।

(ड) प्रहरी, सुरक्षा, सुरक्षा गार्ड जस्ता सुरक्षा सेवा अनुभव भएको स्मभव भएसम्म स्थानीय उम्मेदवारलाई प्राथमिक्ता दिइनेछ ।

९. पदपूर्ति समिति :(१) यस कार्यविधि वमोजिम करार सेवामा नगर प्रहरी सेवाको पदमा पदपूर्ति गर्दा देहाय बमोजिमको पदपूर्ति समितिमा रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी-संयोजक

(ख) नगर प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी-सदस्य

(ग) अवकाश प्राप्त वा कार्यरत अधिकृत स्तरको प्रहरी वा सुरक्षाकर्मी - विज्ञ सदस्य

(घ) प्रशासन शाखा प्रमुख वा प्रशासन अधिकृत - सदस्य सचिव

(२) उपदफा १ बमोजिमको समितिमा आवश्यकता अनुसार थप विज्ञ कर्मचारी तथा खडक नगरपालिकाका जनप्रतिनिधि समेतलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) पदपूर्ती समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । पदपूर्ति समितिको बैठकमा सहभागी भएवापत कार्यपालिका वाट तोकिए बमोजिम भता पाइनेछ ।

१०. पदपूर्ति समितिको काम, कर्तवय र अधिकार :(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लोक सेवा आयोगद्वारा स्वीकृत खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मानि आवश्यक्ता अनुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सक्नेछ ।

(ख) पदपूर्ति कार्य तालिका बनाउने ।

(ग) यस कार्यविधि वमोजिम सञ्चालन हुने परिक्षाको लागि लिखित, मौखिक प्रयोगात्मक मध्ये कुनै एक वा एक भन्दा बढी विधि तोकी परिक्षा सञ्चालन गर्ने ।

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(ङ) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परिक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(च) लोकसेवा आयोगवाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती गर्दा अपनाउनु पर्ने समान्य सिद्धान्तमा पदपूर्ती समितिले गर्ने भनि तोकिएका पदपूर्ति सम्बन्धि अन्य कार्य गर्ने ।

(छ) नियुक्ति सम्झौताका लागि सिफारिश गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यक्ता अनुसार विधिवत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद न्यूनतम १५ दिन राखि राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नुपर्छ ।

११. योग्यताक्रम सूची तयार गर्ने :(१) उम्मेदवारहरुले दिईएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रममा सुची तयार गरी पदपूर्ती समितिले नियुक्ती/सम्झौताको लागि सिफारिस गर्नुपर्नेछ । कुल रिक्त पद संख्याको बढीमा २० प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पीक उम्मेदवारको नामावली समेत प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सिफारिस गरिएको व्यक्तिलाई पदपूर्ति समितिले नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिश गर्नुपर्नेछ ।

(३) उलदफा (२) बमोजिम पदपूर्ति समितिले सिफारिश गरेको मितिले १५ दिनभित्र नगर कार्यपालिकाले नियुक्ती/सम्झौता गर्ने निर्णय गरी सक्नु पर्नेछ । तर पदपूर्ति समितिले सिफारिश गरेको मितिले १५ दिन भित्र पनि नगर कार्यपालिकाको बैठक बस्न नसकेमा प्रमुख प्रशासकिय अधिकृतले पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई आधार मानी नियुक्ति वा सम्झौता गर्नु पर्नेछ । सो को जानकारी कार्यपालिकामा दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले ७ दिनभित्र प्रमुख प्रशासकिय अधिकृतले नियुक्ति वा सम्झौता गर्नु पर्नेछ ।

(५) परिक्षण काल : (क) नगरपालिका नगर प्रहरी (वरिष्ठ समेत) पदमा नियुक्ति नगर प्रहरीलाई छ (६) महिनासम्म परिक्षण कालमा राखिनेछ ।

(ख) उपनियम क अनुसार परिक्षण काल सन्तोषजनक भएको खण्डमा निजको नियुक्ति सदर गरी आवश्यकता अनुसार थप कार्यकालको लागि नियुक्ति दिइनेछ ।

परिच्छेद :- ५

नगरपालिका प्रशासन र नगर प्रहरीको सम्बन्ध

१२. नगरपालिका प्रशासनको नियन्त्रण रहने :(१) नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१३. नगर प्रहरी प्रमुख मार्फत लेदापढी हुने :(१) नगरकार्यपालिकाको कार्यालयले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

१४. कारवाही गर्दा परामर्श लिने :(१) कुनै पनि नगर प्रहरी कर्मचारीलाई अनुशासन हीनताको कारवाही गर्दा आवश्यक्ताअनुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

परिच्छेद- ६

विदा सम्बन्धी व्यवस्था

१५. विदा अधिकारको कुरा होइन :(१) विदा अधिकारको कुरा नभएर सहुलियत भएको हुँदा नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अवस्था हेरी विदा स्वीकृत दिने अधिकारीले विदा स्वीकृत गर्न वा नगर्न सक्नेछ । साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी काममा बोलाई काममा लगाउन सक्नेछ ।

१६. विदाको किसिम :(१) नगर प्रहरी कर्मचारीले तपसिल अनुसारको विदा पाउने छन् तर एक आर्थिक वर्षको बिदा अर्को आर्थिक वर्षमा संचित हुने छैन् ।

(क) भैपरी/पर्व विदा :-

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छन् ।

(२) भैपरी/पर्व आउने विदा एक सालको संचित गरी अर्को सालमा लिन पाउने छैन् ।

(३) भैपरी/पर्व विदा बसेका नगर प्रहरी कर्मचारीहरुले पुरा तलब पाउनेछ ।

(४) भैपरी/पर्व विदा शनिवार बाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन् ।

(५) यो विदा आधा दिन पनि लिन पाइनेछ ।

(ख) किरिया विदा :-

(१) नगर प्रहरी कर्मचरी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन सम्म किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीले पनिले किरिया बस्नु परेमा त्यस्तो महिला कर्मचारीले समेत पाउनेछ ।

(२) किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) किरिया विदा बस्ने कर्मचारीले जसको किरियामा बसेको हो उसको मृत्यू दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ग) प्रसुती विदा :-

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसुती विदा पाउनेछ ।

(२) प्रसुती विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पुरा तलब पाउनेछ ।

(३) प्रसुती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

## परिच्छेद- ७
## आचरण

१७. नगर प्रहरीको आचरण :(१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

(क) नगर प्रहरी कर्मचारी हमेशा ड्यूटीमा लागी रहेको मानिनेछ । निजलाई जुनसुकै समयमा काममा लगाउन सकिनेछ । निज नियमीत रुपमा आफ्नो ड्युटीमा खटिएको हुनु पर्नेछ । अधिकार प्राप्त अधिकारीबाट बिदाको निकाशा नगराई अनुपस्थित हुन पाईने छैन ।

(ख) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफु वा परिवारका सदस्य समेतले नगरपालिकाको पुर्व स्वीकृती बिना कोही कसै सँगबाट दान, वक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ग) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(घ) आफु वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(ङ) आफु वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति, नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण नगरपालिकामा पेस गर्नु पर्नेछ ।

(च) नगरपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(छ) नगरपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सुचनाहरु नगरपालिकाको आख्तियारी बिना कोही कसैलाई दिनु हुदैन ।

(ज) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(झ) नगरपालिकालाई खलल पुग्ने गरी वा नगरपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

१८. नगरपालिकाको आलोचना :(१) नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरवासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना प्रकाशन, प्रसारण गर्नु हुँदैन ।

१९. निर्वाचनमा भाग लिन नहुने :(१) नगर प्रहरी कर्मचारीले कुनैपनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारको प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट गरी प्रचलित कानून वमोजिम आफ् नो मताधिकार गोप्य रुपमा प्रयोग गर्न वाधा पर्ने छैन ।

२०. राजनीतिमा भाग लिन नहुने :(१) नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग निल, राजनैतिक संस्थालाई सहायताको निमित चन्दा

दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नु हुँदैन ।

२१. समय पालन र नियमितता :(१) नगर प्रहरी कर्मचारीले नगरपालिकाले तोकेको समय र नियमित रुपमा हाजिर हुनु पर्दछ र साधारण तथा पहिले विदाको निकासा नसलई काममा अनुपस्थित हुनु हुँदैन ।

२२. अनुशासन र आज्ञा पालन :(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले सबै जनप्रतिनिधिलाई आदर सम्मान गर्नु पर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले कार्यालयले दिएको आदेश पूर्ण रुपमा पालना गर्नु पर्दछ ।

२३. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :(१) नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफुभन्दा माथीका अधिकृत माथी कुनै अनुचित प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

२४. बहुविवाह, बालविवाह, अनमेल विवाह प्रतिबन्ध :(१) नगर प्रहरी कर्मचारीले देवानी संहिता २०७४ को बिहावारीको महलको विपरित हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद- ८
## सजाय र पुनरावेदन

२५. सजाय :(१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

(क) नसिहत दिने ।

(ख) तलब कट्टा गर्ने ।

(ग) तल्ले तहमा घटुवा गर्ने ।

(घ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भए सम्पूर्ण वा आंशिक रुपमा नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधावाट असुल गर्न सकिनेछ ।

(ङ) भविष्यमा स्थानिय तहमा अयोगय नठहरिने गरी नोकरीवाट बर्खास्त गर्ने ।

(च) भविष्यमा स्थानिय तहमा अयोग्य ठहरिने गरी नोकरीवाट बर्खास्त गर्ने ।

२६. नसिहत दिने वा प्रतिकुल राय लेख्ने :(१) नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा पुनः लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

२७. तलब कटौती गर्ने :(१) नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले निजको तलब कटौती लगायत वर्खास्त सम्मको कार्य गर्नसक्नेछ ।

२८. दर्जा र तलब घटाउने :(१) कुनैपनि नगर प्रहरी कर्मचारीले देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानी नोक्सानी पुर्याएकोमा सो समेत निजवाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरण उलंघन गरेमा ।

(घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(ङ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(च) लापरवाही गरेमा ।

२९. नोकरीवाट हटाउने वा वर्खास्त गर्ने :(१) देहायका अवस्थामा नगर प्रमुखको सल्लाहमा प्रमुख प्रशासकिय अधिकृतले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीवाट हटायन वा बर्खास्त गर्न सक्नेछ । सोको जानकारी नगर कार्यपालिकालाई दिनु पर्नेछ ।

(क) अयोग्यता कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) अनुशासनहिनताको काम गरेमा,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतवाट अपराधी दोषि प्रमाणित भएमा,

(ङ) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिंडेमा वा जथाभावी गरेमा,

(च) भ्रष्टाचार गरेको ठहरेमा,

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

(ज) आचरण सम्बन्धी नियमहरु बारम्बार उल्लंघन गरेमा,

(झ) मनासिव कारण नभई विदा नलिई कार्यालयमा लगातार ३० दिन सम्म अनुपस्थित भएमा,

३०. सजाय सम्बन्धी कार्यविधि :(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा लगाइएका आरोप स्पष्ट रुपमा किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीलाई तोकिएको म्यादभित्र आफ्नो सफाईको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्यविधि वमोजिमको कार्यविधिको रीत पुर्यायनु पर्ने छैन् । सिधै स्थानिय पत्रिकामा सूचना प्रकाशित गरी कार्वाही हुनेछ ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट अपराधी प्रमाणित भईसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यक्ताअनुसार सम्बन्धित नगर प्रहरी कर्मचारी सँग बुझि कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वीत हुनेछ । तर (क) निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब बृद्धि कुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएमा मितिदेखिको बाँकी तलब भक्ता पाउने छैन ।

(७) कुनै कर्मचारी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारवाट भएको कारवाहीको सिलसिलामा निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भक्ता पाउने छैन ।

३१. सजायको आदेश दिने :(१) जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसहित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद- ९
## सेवा सुविधा सम्बन्धी व्यवस्था

३२. तलब भत्ता :(१) नगर प्रहरी कर्मचारीले नियुक्त करार सम्झौता मितिदेखि तलब भत्ता पाउनेछ। र त्यस्तो तलब र अन्य सुविधा सम्झौता नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) दफा १६(ग) बमोजिमको विदामा बसेको नगर प्रहरी कर्मचारीले रु.५,०००।- प्रसुती खर्च पाउनेछ। यस्तो सुविधा दुई पटक सम्म मात्र पाउनेछ।

३३. टाइम स्केल :(१) टाइम स्केल अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले समान्य स्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ।

## परिच्छेद-१०
## अनुगमन र मुल्यांकण

३४. अनुगमन :(क) नगरपालिका तथा यसले ओगटेको भुभग भित्र खटिएका नगरपालिका नगर प्रहरीको कार्यको अनुगमन कार्यलाई देहाय बमोजिम गरिनेछ।

(१) नगरपालिका नगर प्रहरी खटिएको वडाको हकमा तहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र नगरनगनर कार्यपालिकाको हकमा तहँबाट तोकिएका कर्मचारीले नियमित अनुगमन गर्नेछन्।

(२) नगरपालिका प्रशासनबाट समेत नियमित अनुगमन कार्य गर्नु पर्दछ।

(३) नगरपालिका अन्तर्गतका वडा कार्यालयले तहाँ खटिएका नगरपालिका नगर प्रहरीको अनुगमन प्रतिवेदन प्रत्येक ३ महिनामा नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) नगरपालिका कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

(ख) नगरपालिका नगर प्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरुको नगरपालिका प्रशासनबाट तथा तोकिएको कर्मचारीहरुबाट आवश्यकता अनुसार छड्के एवं नियमित जाच हुनु पर्दछ।

## परिच्छेद- ११
## विविध

३५. तालीम सम्बन्धी व्यवस्था :नगर प्रहरीलाई कार्यकुसल एवं दक्ष तुल्याउन नगरपालिकाले तोके वमोजिम आधारभुत तालीमको अतिरिक्त समय समयमा आवश्यक्ता अनुसार पुनर्ताजगी तालिम उपलव्ध गराइनेछ।

३६. बाधा अडकाउ फुकाउने अधिकार :यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेमात्यस्तो बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

३७. प्रचलीत कानून बमोजिम हुने :यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमानगरपालिकाका प्रचलीत अन्य कानून तथा प्रचलीत नेपाल कानून बमोजिम हुनेछ।

३८. कार्यविधिमा संशोधन :यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ। त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

## परिच्छेद- ११

३९. पोशाक :(१)नगरपालिकाले नगर प्रहरी कर्मचारीले लगाउने पोशाकको रंग, किसिम, ड्रेस कोड तोकि दिन सक्नेछ।

(२) नगरपालिकाले नगर प्रहरी कर्मचारीलाई वर्षको एक पटक नगरपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाकभत्ता उपलब्ध गराउनेछ। यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानीदिईनेछ।

(३) यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ

खड्क नगरपालिका

<u>अनुसुची - १</u>

# करार सम्झौताको नमुना फाराम

## करार सेवा सम्झौता पत्र

खडक नगर कार्यपालिकाको कार्यालय र जिल्ला ..........................................गाउ/नगरपालिका, वडा नं. ......... बस्ने श्री ....................................बिच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र ।

खडक नगर कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला .................,.............गाउ/नगरपालिका वडा नं. ......... बस्ने...................................को छोरा/छोरी बर्ष ..........को श्री ........................................(यस पछि दोस्रो पक्ष भनिने) का बिच खडक कार्यपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि नगरपालिका नगर प्रहरी......................... पदमा सेवा लिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौ दियौ ।

१. यो करारनामको अवधि मिति २०....।......।..... गतेबाट २०.....।....। गतेसम्म जम्मा ६ महिनााको परिक्षण कालको हुनेछ ।

२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ...................( अक्षरेपी ..............................................................) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजीनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजीनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनुपर्ने छ ।

४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसँग रहेको जिन्सी सामान र तिर्नु पर्ने बाकी बुझाई फरकफरक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।

५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधिको सुविधा कट्टा गर्न सक्नेछ ।

६. दोश्रो पक्षले गैह्र जिम्मेवारी ढगंले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्‍याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु नगरपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्ष सँगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार पोशाक खर्च उपलब्ध गराउने छ ।

१०. यस करारनाममा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ ।

पहिलो पक्षको तर्फबाट
हस्ताक्षर :....................
नाम थर : ..............................
प्रमुख प्रशासकीय अधिकृत

दोश्रो पक्षको तर्फबाट
हस्ताक्षर :....................
नाम थर : ..............................
ठेगाना : ........................

कार्यालय छाप :

इति सम्वत् २०...... साल .............महिना..........गते...............रोज.........शुभम् ।

खुदुनबारी नगरपालिका

अनुसुची - २

खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

दरखास्त फारामको नमुना

| नियुक्त हुन चाहेको पद : | पासपोर्ट साईजको फोटो विज्ञापन नम्बर : |
|---|---|

आवेदन पेश गरेको कार्यालय :
व्यक्तिगत विवरण :
नाम थर : जन्म
मिति : स्थायी
ठेगाना :
बाबुको नाम :
आमाको नाम :
हजुरबुबाको नाम :
पेशा :
विवाहित वा अविवाहित :
शैक्षिक योग्यता : ............... उतिर्ण
नागरिकता नम्बर : नागरिकता जारी भएको मिति/जिल्ला : संलग्न
गरेको प्रमाण पत्रको प्रतिलिपीहरु :
१.
२.
३.

| औठा छाप | |
|---|---|
| | |

मथि उल्लेख गरेको र संलग्न गरेको जानकारी एवं कागजातहरु सही साचो हुन् । फरक परे कानुन बमोजिम सहुँला ।

मिति : निवेदकको हस्ताक्षर



खडक नगरपालिका

<u>परिक्षा प्रवेश पत्र</u>

नियुक्त हुन चाहेको पद :    विज्ञापन नम्बर :    विज्ञापन मिति :    दर्ता नम्बर :

नाम थर : श्रेणी, तह :

| पासपोर्ट साईजको फोटो |
|---|

उम्मेदवारको दस्तखत नमुना : सम्बन्धित कर्मचारीले भर्ने : यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाईलाई संलग्न हुन अनुमति दिइएको छ। विज्ञापन तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हु सक्नेछ।

परिक्षार्थीको दस्तखत................

मिति :

प्रमाणित गर्नेको दस्तखत

खड्क नगरपालिका